




PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com








❖ वर्ष ३५ ❖ २०७९ जेठ १५ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 May 29 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २७०


## कार्यपालिकामा बहुमतको लागि दलहरूको दौडधुप शुरू, लाखौंको चलखेल

प्रस, वीरगंज, १४ जेठ/

पर्सा जिल्लाको भर्खरै सम्पन्न स्थानीय तहको नतीजापछि कार्यपालिका सदस्यमा बहुमत सिद्ध गर्न सबै दलका नेता कार्यकर्ताहरूले दौडधुप शुरू गरेका छन् ।

वीरगंज महानगरपालिका, पर्साको तीन नगरपाकिला तथा १० वटा गाउँपालिका गरी १४ वटा पालिकाहरूमा प्रभावशाली दलका नेताहरू दौडधुप तथा मतदाता रिझाउने काममा व्यस्त देखिएका छन् ।

निर्वाचनको नतीजा आइसकेपछि १५ दिन भित्र कार्यपालिका सदस्यको लागि बहुदमत हासिल गर्न दलका नेता तथा निर्वाचित जनप्रतिनिधिहरूले दौडधुप तथा पैसाको चलखेल गरिरहेको बुझिएको छ। एकजना सदस्यको लाखौं रुपियाँमा मोलमोलाई भइरहेको गाउँलेहरूले बताएका छन् ।

गाउँलेले दिएको जानकारी अनुसार जुन पालिकामा मेयर, उपमेयरमा निर्वाचित जनप्रतिनिधिहरू अल्पमतमा छन्, उनीहरूले अन्य दलका निर्वाचित सदस्य तथा वडा अध्यक्षलाई आफूतिर तान्न भरमग्दुर प्रयासमा जुटेको देखिएको छ ।

केही पालिकाका नेताहरू निर्वाचित जनप्रतिनिधिहरूलाई हेटौडा, चितवन, पोखरा, लुम्बिनी, काठमाडौंलगायत ठाउँको भ्रमणमा पनि हाइजेक गरी लगेको कुरा समाजिक सञ्जालमा देखिएको छ ।

नगरपालिकाको लागि निर्वाचित सदस्यमध्येबाट पाँचजना महिला सदस्य तथा अन्य तीनजना खुला पुरुषमा दलित तथा अल्पसङ्ख्यक र गापामा चारजना



पर्सा धोबिनीका निर्वाचित जनप्रतिनिधिहरू कार्यपालिका सदस्यको मतदानको पूर्व सन्धयामा सौराहाको एउटा स्विमिङपुलमा रमाइलो गरेको दृश्य। तस्बिर : सामाजिक सञ्जाल

महिला सदस्य तथा दुईजना खुला बाहिरबाट पुरुष सदस्यलाई ल्याउनुपर्ने व्यवस्था छ । बाहिरबाट ल्याउनुपर्ने सदस्यहरूमा बार्गेनिङ चलिरहेको बताइएको छ । जुन पालिकामा पार्टी तथा गठबन्धनको बहुमत छ, त्यसमा बाहिरबाट ल्याउने सदस्यबाट लाखौं रुपियाँ लिएर भित्र्याउने तथा जुन पालिकामा दल अल्पमतमा छ, उसले बाहिरबाट आउने सदस्यलाई रकमी चलखेल गरी भित्र्याउने रणनीति देखिएको छ ।

पर्सा, धोबिनी गापामा जसपाको अध्यक्ष जितेपछि काङ्ग्रेस १५ जना, एमाले ३, जसपा ९ जना सदस्य रहेका छन् भने कालिकामाई गापामा जसपाको अध्यक्ष जितेपछि बोर्ड सदस्यमा १३ जना काङ्ग्रेस,१३ जना जसपा, एकजना एमाले रहेका छन् । जगरनाथपुर गापामा काङ्ग्रेस अध्यक्षमा जिते पनि काङ्ग्रेसका २६ जना, एमालेका ६ जना, पोखरिया नपामा एमालेका २४ जना, काङ्ग्रेसका २४ जना, नेपाल सुशासन पार्टीका ४ जना, छिपहरमाई गापामा काङ्ग्रेसका १२ जना, जसपा पाँचजना, एमालेका १० जना, पटेर्वासुगौली गापामा काङ्ग्रेसका २२ जना, एमालेका चारजना, जसपाका एकजना, विन्दवासिनी गापामा लोसपा ९ जना, काङ्ग्रेस १३ जना, एमाले दुईजना, माओवादी दुईजना, जसपा एकजना, सखुवापरसौनीमा जसपा ७ जना, काङ्ग्रेस १३ जना, एमाले १२ जना, वीरगंज महानगरमा जसपा ७०, काङ्ग्रेस ४७, एमाले ४०, लोसपा ५, बहुदरमाई नपामा एमाले २१, काङ्ग्रेस १८, जसपा ७, स्वतन्त्र एक, पर्सागढी नपामा एमाले १९, काङ्ग्रेस ११, जसपा १०, लोसपा ५, स्वतन्त्र दुई, जीराभवानी गापामा काङ्ग्रेस १७, एमाले २७, ठोरी गापामा एमाले १६, काङ्ग्रेस ४, माओवादी ७ जना निर्वाचित जनप्रतिनिधि रहेका छन् ।

## शिकारीबासमा ६ महीनाभित्र बिजुली बल्ने

प्रस, ठोरी, १४ जेठ/

ठोरी गाउँपालिका–३ शिकारीबासमा ६ महीनाभित्र बिजुली बल्ने भएको छ ।

नेपाल सरकारको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत सौर्य मिनिग्रीट सिस्टम मार्फत शिकारीबासका बासिन्दाले आगामी ६ महीनामा बिजुली उपभोग गर्न पाउने ठोरी गापाका अध्यक्ष लालबहादुर श्रेष्ठले बताए ।

गापा अध्यक्ष श्रेष्ठ, उपाध्यक्ष गोकुलीकुमारी रेग्मी, वडाध्यक्ष शम्भु खड्का, निर्माण कम्पनीका प्रतिनिधिलगायतको टोलीले शनिवार शिकारीबासमा पुगेर स्थानीयसँग भेटघाट गरी विद्युत् योजना निर्माण शुरू भएकाले



तस्वीर: प्रतीक

निर्माण पक्षलाई आवश्यक सहयोग गर्न आग्रह गरेका थिए ।

वडाध्यक्ष खडकाले विद्युत् प्रणाली जडानका लागि स्थल र अन्य पक्षबारे स्थलगत अवलोकन गरिएको बताए। उनले सौर्य ऊर्जामार्फत निर्माण हुन लागेको उक्त मिनिग्रीट शिकारीबासको दुई स्थानमा राखिने बताए। पहिलो मिनीग्रिटबाट २० किलोवाट र दोस्रो मिनीग्रिटबाट तीन किलोवाट गरी २३ किलोवाट विद्युत् उत्पादन गरिने र उत्पादित बिजुली शिकारीबासका मानिसले उपभोग गर्ने बताए। सो योजना एक करोड ५९ लाख लागतमा निर्माण हुन लागेको र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र ठोरी गापाको आर्थिक सहयोग रहेको उनले बताए । शनिवारदेखि नै सोसम्बन्धी कार्य शुरू भएको र आगामी ६ महीनामा निर्माण कार्य सम्पन्न हुने जानकारी गराइएको छ ।

## कार्यपालिका सदस्यको निर्वाचन २० गते

प्रस, वीरगंज, १४ जेठ/

वीरगंज महानगरपालिकाको कार्यपालिका सदस्यको निर्वाचन यही जेठ २० गते हुने भएको छ ।

निर्वाचन अधिकृतको कार्यालयले जारी गरेको निर्वाचन कार्यतालिका अनुसार कार्यपालिका सदस्यको निर्वाचन जेठ २० गतेका लागि तोकिएको हो ।

निर्वाचन कार्यतालिका अनुसार यही १६ गते मतदाता नामावली प्रकाशन गर्ने, १७ गते मनोनयन दर्ता गर्ने, १८ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्नुका साथै चुनाव चिह्न प्रदान गर्ने र २० गते निर्वाचन गरिने कार्यतालिका छ ।

मतदाता नामावली प्रकाशन र उम्मेदवारी दर्ताकै बीच अन्तिम मतदाता नामावली सार्वजनिक, दाबी विरोधलगायत कार्य हुने पनि कार्यतालिकामा उल्लेख छ । ५ महिला र ३ खुला सदस्य गरी कुल ८ सदस्य पदका लागि हुने निर्वाचनमा महानगरमा निर्वाचित भएका मेयर, उपमेयर, ३२ वटै वडाका वडा अध्यक्ष र वडा सदस्य गरी कुल १६२ जनाले मतदान गर्नेछन् । वीरगंज महानगरमा मेयर जसपाले, उपमेयर काङ्ग्रेसले, १३ वटा वडाध्यक्ष जसपाले, ९ वटा वडा अध्यक्ष काङ्ग्रेसले, ८ वटा वडाअध्यक्ष एमालेले र २ वटा वडा अध्यक्ष लोसपाले जितेको छ ।

## लायन्सद्वारा बेल्वामा निश्शुल्क स्वास्थ्य शिविर

प्रस, वीरगंज, १४ जेठ/

वीरगंज महानगरपालिका–३१ बेल्वाको नैकाटोलास्थित विद्यालयमा




लायन्स क्लबले आयोजना गरेको निश्शुल्क स्वास्थ्य शिविरमा ३२५ जनाले सेवा लिएका छन् ।

लायन्स क्लब अफ वीरगंज मिलिनियमका अध्यक्ष सुमन श्रेष्ठले चारवटा लायन्स क्लबको संयुक्त आयोजनामा सम्पन्न निश्शुल्क स्वास्थ्य शिविरमा ३२५ जनाको स्वास्थ्य परीक्षण गरी निश्शुल्क औषधी वितरण गरेको बताए ।

डा. उदयनारायण सिंह, डा. आरके सिंह, डा. दिप्ती यादव, डा. जिनतु नेशा, डा. नूरहुसेन देवानको टोलीले स्वास्थ्य परीक्षण गरेको थियो ।

महिला, बालबालिका र वृद्धवृद्धाहरूको स्वास्थ्य परीक्षण गरिएको अध्यक्ष श्रेष्ठले बताए ।

लायन्स क्लब संस्कृति गोल्ड, वीरगंज सेन्ट्रो र वीरगंज हेल्थीसमेतको सहभागितामा आयोजित शिविरमा लायन्सका रमेश अग्रवाल, देवकीनन्दन अग्रवाल, वडाध्यक्ष जितेन्द्र यादव, स्थानीय समाजसेवी सुलेमान अन्सारीलगायतको सहभागिता थियो ।

शिविरमा आर्य, म्याग्नस, टाइम, मारुती र युनिक फर्माले औषधी सहयोग गरेका थिए ।

## पर्सा र बाराको तीन स्थानमा १९३ जनाद्वारा रक्तदान

प्रमोद यादव, पचगावाँ, १४ जेठ/

पर्सा जिल्लाको दुई स्थान र बारा जिल्लाको एक स्थानमा गरी शनिवार




१९३ जनाले रक्तदान गरेका छन् ।

पर्साको सखुवापरसौनी गाउँपालिका–२ पचगावाँ चोकमा आयोजित खुला रक्तदान कार्यक्रममा ३९ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जितेन्द्र कुशवाहाले बताए । पचगावाँ समाजसेवी युवा समूहका अध्यक्ष सिकेन्द्र साह कानूको अध्यक्षतामा भएको कार्यक्रमको गापा अध्यक्ष यशवन्त यादवले उद्घाटन गरेका थिए । सो अवसरमा अध्यक्ष यादवले




तस्वीर: सौजन्य

रक्तदानलगायत स्वास्थ्य सेवामा गापाको भूमिका प्रभावकारी रहने बताए। उनले आफूले स्वास्थ्य सेवालाई महत्त्वका साथ हेर्ने प्रतिबद्धता जाहेर गरे ।

यसैगरी वीरगंज महानगरपालिका–१६ मा टीमस्पेशल–२६ परोपकारी संस्थाले आयोजना गरेको रक्तदान कार्यक्रममा ४७ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्रका राजन श्रीवास्तवले बताए । संस्थाका अध्यक्ष सुमन दत्तको अध्यक्षतामा भएको कार्यक्रमको वडाध्यक्ष परशुराम चौरसियाले उद्घाटन गरेका थिए । कार्यक्रममा रितिक श्रीवास्तव, साधना कर्ण, सावनकुमार, सुमनकुमार दत्त, प्रजयकुमार अग्रवाल, आयुष सिंह, नवीनकुमार बैठा, विक्की गुप्ता, नेहाल एकबाल, प्रवीण कर्ण, रामबाबू महतो, सुजित गुप्ता, हरेन्द्र बरइ, रवि सर्राफ, राजन चौरसिया, अरुण गुप्तालगायतले रक्तदान गरेको कार्यक्रम संयोजक श्याम शाहले बताए ।

त्यसैगरी जीतपुरसिमरा उपमहानगरपालिकाको सिमरास्थित हातेमालो सहकारी संस्थाले स्थापना दिवसमा शनिवार आयोजना गरेको रक्तदान कार्यक्रममा सातजना महिलासहित १०७ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए । कार्यक्रम यज्ञप्रसाद आलेको अध्यक्षतामा भएको थियो ।

## विचारसार र सूक्तिहरू

**जीवनको रहस्य भोगमा छैन, अनुभवद्वारा शिक्षाप्राप्तिमा हुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# रामनामको फल

दुई भाइ थिए तर दुवैको स्वभावमा अन्तर थियो। दाइ साधुसेवी र भगवान्को भजनमा रुचि राख्दथे। दान-पुण्य पनि गर्दथे । सरल हृदयका थिए । यसैले कहिलेकाहीं नक्कली साधुबाट ठगिन्थे।

**रामनामको पूरा मूल्य त म बताउन सक्दिनँ, तर तपाईं सबैले मूल्यको केही अनुमान लगाउन सक्नुहुन्छ। तपाईंहरू फर्किनुहोस् । एकपटक लिएको रामनामको भगवान् विष्णुद्वारा यस प्रकार महान् मूल्याभास पाएर शङ्करादि देवता फर्किए ।**

भाइ चाहिं राम्रो स्वभावका थिए तर व्यापारी मस्तिष्कका थिए। उनलाई साधुसेवा, भजन र दानको नाममा ठगिनु राम्रो लाग्दैनथ्यो र उनी यही बुझ्थे कि यी सबै ठगीबाहेक अरू केही होइन । अतः उनी दाजुको कार्यदेखि सहमत थिएनन् । उग्र विरोध गर्दथे र समय-समयमा आफ्नो असम्मति प्रकट गर्ने र असहयोग गर्दथे ।

दाजुलाई यो कुराको दुःख हुन्थ्यो कि उसको सानो भाइ मानव-जीवनको वास्तविक लक्ष्य भगवान्प्राप्तिको साधनमा रुचि नराखेर दुनियाँदारीमा नै लागेको छ। दाजुको राम्रो नियत थियो र उनले सानो भाइलाई भगवान्तर्फ लागेको देख्न चाहन्थे । समय-समयमा नम्रता र युक्तिबाट सम्झाउँथे । अन्य व्यक्तिसँग भन्न तथा उपदेश सुनाउन लगाउँथे तर सानो भाइमाथि कुनै प्रभाव पर्दैनथ्यो ।

एकपटक आफ्नो शिष्यमण्डलीसहित एकजना विरक्त महात्मा उनको शहरमा पुगे । दाजु साधुसेवी थिए । उनले महात्माको सेवामा एक दिन भिक्षा गराउने इच्छाले निमन्त्रण दिन पुगे । कुराकानीको क्रममा उनले आफ्नो भाइको स्थितिबारे बताए । महात्माले केही विचार गरेर भने-तिमीले एउटा काम गर्नुपर्छ, जुन दिन तिम्रो सानो भाइ घरमा रहन्छ, त्यस दिन मलाई भोजनको लागि बोलाउनु र हामीलाई लैजान र फर्काउने बेलामा एउटा बाजा साथै राख्नु। तिम्रो सानो भाइले जे गर्छ गर्न दिनू, बाँकी सबै व्यवस्था हामी गर्छौं ।

महात्माको आज्ञानुसार व्यवस्था भयो। बाजा बजाउँदै महात्मासँग मण्डली आइरहेको थियो। घरमा त्यस दिन बढी भान्सा बनेको देखेर र घरनजीकै बाजाको आवाज सुनेर भाइलाई शङ्का भयो र उनले दाइसँग सोधे- भान्सा कसको लागि बनिरहेको छ र हाम्रो घरमा बाजासहित को आइपुगेको छ ? दाईले भने-एकजना विद्वान् महात्मा आफ्नो शिष्यमण्डली सहित हाम्रो घर आउँदैछन् र भोजनको लागि उनीहरू बाजागाजासहित पुगेका छन्। यो सुनेर भाइलाई नराम्रो लाग्यो, उनले भने-तपाईंले गर्नुभएको कार्य मलाई मन पर्दैन। तपाईं ठूलो हुनुहुन्छ तसर्थ जे मन लाग्छ गर्नुहोस् तर म यो सबै हेर्न सक्दिनँ । यसैले म कोठाभित्र ढोका लगाएर बस्छु । तपाईंको महात्मा जब खानपिन गरेर जान्छन्, तब मात्र म बाहिर निस्कन्छु । यस प्रकारले घरमा कलह हुँदैन ।

यति भनेर भाइ कोठाभित्र गएर भित्रबाट ढोका लगाएर बसे । महात्मा आए र सबै कुरा सुनेर उनले त्यस कोठाको ढोकामा बाहिरबाट चुकुल लगाइदिए । भोजन सम्पन्न भयो । तदनन्तर महात्माले आफ्नो सम्पूर्ण मण्डलीलाई बाजासहित फर्काइदिए र स्वयं त्यस कोठाको ढोका नजीक गएर उभिए ।

बाजा बजाउँदै मण्डली गएको सुनेपछि भाइ ढोका खोलेर बाहिर आउन थाले तर बाहिरबाट चुकुल लगाएको कारण ढोका खोल्न सकेनन् र कराए- बाहिरबाट कसले ढोका लगाएको हो, चाँडै खोल । महात्माले ढोका खोले र भाइ बाहिर निस्किनेबित्तिकै जोडले उसको हात समाए । महात्मामा ब्रह्मचर्यको बल थियो । भाइले चेष्टा गरेर पनि हात छुटाउन सकेनन् । महात्माले हाँस्दै भने- भैंया हात छुटाउनु छ भने मुखबाट राम भन । उसले आवेशमा भन्यो- म यो नाम लिन्नँ । महात्माले भने- त्यसो भए हात पनि छुट्दैन। रिस र बलको पूरा प्रयोग गर्दा पनि उनले हात छुटाउन सकेनन् र भने- राम । हात छोड र यहाँबाट भाग । महात्मा मुस्कुराउँदै बाहिर निस्किए- तिमीले राम भनेर राम्रो गर्‍यौं तर मेरो एउटा कुरा याद राख। यस राम नामलाई कुनै पनि मूल्यमा नबेच्नू।

यो घटना भयो, तर कुनै विशेष अन्तर देखिएन। समय आएपछि दाजुको मृत्यु भयो र केही समयपछि भाईको पनि मृत्यु भयो। विषय वासना र विषय कामनावाला मान्छे विवेकभ्रष्ट हुन्छ र जान-अन्जानमा साना-ठूला पाप गरिरहन्छन् । पापको फल त भोग्नु नै पर्छ । मरेको अनन्तर सानो भाइको आत्मा यमलोकमा लगियो र त्यहाँ कर्मको हिसाब-किताब लगाउँदै भनियो- विषय-वासनावश यस जीवले मनुष्य योनीमा केवल साधु-अवज्ञा र भजनको विरोध मात्र गरेन, ठूल्ठूला पाप पनि गरेको छ। तर यसले एउटा ठूलो महान् कार्य पनि गरेको छ, यसले जिब्रोबाट एक महात्माको अगाडि एकपटक जबरजस्ती राम नाम उच्चारण गरेको थियो ।

यमराजले सुनेर मनमनै एकपटक रामनामको उच्चारण गर्नेप्रति श्रद्धा प्रकट गरे र भने, यस रामनामको सट्टा जे माग्छौं माग। त्यसपछि तिमीले पापको फल भोग्नुपर्छ।

उनलाई महात्माको कुरा सम्झना भयो । उनले यसमराजसँग भने- म रामनाम बेच्न चाहन्नँ, तर यसको जेसुकै मूल्य हुन्छ त्यो मलाई दिनुहोला । रामनामको मूल्य आकलन गर्न यमराज असमर्थ थिए । अतएवं उनले भने- देवराज इन्द्रकहाँ गएर उनीसँग सोध्नुपर्छ रामनामको मूल्य के हुन्छ। त्यस जीवले भन्यो, म यसरी जाँदिनँ, मेरो लागि एउटा पालकी मगाउनुहोस् र कहारहरूसँग तपाईं पनि हिंड्नुस्। त्यस जीवले सोचे, रामनामको मूल्य जब यमराजले बताउन सकेनन् भने त्यो अवश्य पनि निकै ठूलो कुरा हो र यसको परीक्षा यसैबाट हुन्छ कि डोलेहरू कहार बन्छन् कि बन्दैनन्। उनको कुरा सुनेर यमराज केही विचलित भए तर सम्पूर्ण पाप तुरुन्त नाश गर्ने र मन-बुद्धिबाट अतीत फलदाता भगवन्नाम लिनेहरूको पालकी उठाउनु आफ्नो लागि सौभाग्य भन्दै पालकीमा लागे ।

पालकी स्वर्ग पुग्यो। देवराज इन्द्रले स्वागत गरे र यमराजबाट सम्पूर्ण कुरा जानेर भने-मलाई पनि रामनामको मूल्य थाहा छैन। ब्रह्माजीकहाँ जानुपर्छ। त्यस जीवले निवेदन गरे- यमराजसँगै तपाईं पनि पालकीमा लाग्नुहुन्छ भने म हिंड्छु। इन्द्रले पनि उनको कुरा माने र ब्रह्मलोक पुगे र ब्रह्माले पनि रामनामको मूल्य बताउन असमर्थ भए। त्यसपछि जीवको भनाइमा ब्रह्माजी पनि पालकीमा जोतिए। उनीहरूको राय भगवान् शङ्करकहाँ जानु थियो । यसैले उनीहरू पालकी लिएर कैलाश पुगे । भगवान् शङ्करले ब्रह्मा, इन्द्र र यमराजलाई पालकी बोकेर आएको देखेपछि बडो आश्चर्य प्रकट गरे । सोधेपछि सम्पूर्ण कुरा बताइयो। शङ्करीले भने, भाइ म त रातदिन रामनाम जप्छु, त्यसको मूल्य आकलन मेरो मनमा कल्पना पनि आउँदैन। हिंड बैकुण्ठ, यस्ता महाभाग्यवान् जीवको पालकीमा म पनि लाग्छु । वैकुण्ठमा भगवान् नारायणले नै केही बताउन सक्नुहुन्छ ।

अब पालकीमा एकातर्फ यमराज र देवराज लागेका थिए भने अर्कोतर्फ ब्रह्मा र शङ्कर कहार बनेका थिए । पालकी वैकुण्ठ पुग्यो। चार महान् देवताले पालकी बोकेको देखेपछि भगवान् विष्णु हाँसे । भगवान्ले सबैलाई आदरपूर्वक बसाए । भगवान् विष्णुले भने- तपाईंहरू पालकीमा बसेको यस महाभाग जीवात्मालाई बोकेर मेरो काखमा बसाइदिनुस्। देवताले त्यस्तै गरे। तदनन्तर भगवान् विष्णुले सोधेपछि भगवान् शङ्करले भने- यो जीवले एकपटक परिस्थितिबाट बाध्य भएर राम नाम लिएको थियो। रामनामको मूल्य यसले जान्न चाहन्छ तर हामी कसैलाई पनि रामनामको मूल्य थाहा छैन । यसैले हामीहरू यस जीवको इच्छा अनुसार यसलाई पालकी बोकेर तपाईंको सेवामा उपस्थित भएका छौं । अब तपाईं नै भन्नुहोस् रामनामको मूल्य के हुनुपर्छ ?

भगवान् विष्णु मुस्कुराउँदै भने-तपाईं सबै महान् देवले यस जीवलाई पालकीमा बोकेर यहाँसम्म ल्याउनुभयो र मेरो काखमा बसाउनुभयो । अब यो मेरो काखको नित्य अधिकारी भएको छ । रामनामको पूरा मूल्य त म बताउन सक्दिनँ, तर तपाईं सबैले मूल्यको केही अनुमान लगाउन सक्नुहुन्छ । तपाईंहरू फर्किनुहोस्। एकपटक लिएको रामनामको भगवान् विष्णुद्वारा यस प्रकार महान् मूल्याभास पाएर शङ्करादि देवता फर्किए।

एक विरक्त सन्तले यो कथा लगभग ४५ वर्ष पहिले कलकत्तामा मलाई सुनाएका थिए । घटनाको उल्लेख कुन ग्रन्थमा छ, त्यो मलाई थाहा छैन। तर भगवान्को महिमा-भगवन्नामको महिमाको यसमा जुन वर्णन आयो, त्यो वास्तवमा यथार्थ लाग्छ । घटना चाहे कल्पित नै किन नहोस् तर महिमा त सत्य नै हो । राम न सकहिं नाम गुन गाई ।

# खाद्य असुरक्षा : चिन्ता कि चिन्तन ?

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**नेपालका दाल र तेल उद्योगले प्रयोग गर्ने केराउ, मसुरो, चना, तोरी, भटमास, सूर्यमुखीजस्ता उपज ठूलो परिमाणमा आयात हुन्छ । नेपालका चामल उद्योग भारतीय क्षेत्रबाट धान नभित्रिए बन्द हुन्छन् । मकै र गहुँसमेत आयात हुन्छ ।**

विश्वव्यापी कारोना महामारीको असर मत्थर नहुँदै शुरू भएको रूस र युक्रेनबीचको तनावका कारण यतिखेर दैनिक उपभोग्य वस्तुको विश्वव्यापी अभाव देखिएको छ। विश्वकै आपूर्ति व्यवस्था र खाद्य सुरक्षा जोखिममा परेको छ। खाद्यान्न उत्पादनका मुख्य देश रूस र युक्रेन युद्धरत रहनु, रूसमाथि लागको आर्थिक नाकाबन्दी र युरोपियन देशमा देखिएको अन्योलले खाद्य सुरक्षालाई थप चुनौतीपूर्ण बनाएको छ । खाद्यान्न अभावको सम्भावनालाई मध्यनजर गरेर विभिन्न देशले आपूर्ति र मूल्यलाई नियन्त्रणमा राख्न अनेक उपाय गरेका छन् । खाद्यान्नका मुख्य उत्पादक मुलुकहरूले निर्यातमा प्रतिबन्ध शुरू गरेका छन् । हाम्रो सबैभन्दा नजीकको छिमेकी मुलुक भारतले गहुँ र चिनीको निर्यात रोकेको छ । अन्य खाद्यान्नको निर्यातमा पनि प्रतिबन्ध लगाउने आशङ्का सतहमा आएको छ ।

बजार मूल्य नियन्त्रणमा राख्न भारतले खानेतेलको आयातमा शून्य भन्सार नीति लिएको छ। त्यस्तै फलामको भाउ बढ्न नदिन कच्चा पदार्थको निकासीमा अन्तःशुल्क बढाएको छ । हामीजस्तो भारतबाट आयात हुने मालवस्तुको आपूर्तिको भरमा बजार व्यवस्थापन चलाइरहेको अर्थतन्त्रका लागि यो सङ्कटको सङ्केत हो। नेपाली बजारमा अब चाउचाउ, बिस्कुटलगायत वस्तुको भाउ बढ्नेदेखि चाडबाडको बेला चिनीको भाउ बढ्ने देखिएको छ। फलामको कच्चा पदार्थको निकासीमा शुल्क बढेपछि यता निर्माण सामग्रीको भाउमा उतारचढाव आउनु पनि स्वाभाविकै हो ।

केही दिन अघि इन्डोनेशिया सरकारले तेल निर्यात रोकेको थियो, जसको असर अहिलेसम्म पनि नेपाली बजारमा देखिएको छ। स्वदेशी उत्पादकले कच्चा पदार्थको हाहाकार भोग्नुपरेको थियो । पाकिस्तानले पनि खाद्यान्न निर्यातमा प्रतिबन्ध लगाएको छ । अरू कुनकुन देशले केकस्ता खाद्यान्नको निकासीमा रोक लाउने हुन्, यसै भन्न सकिने अवस्था नरहेकोले भविष्यमा खाद्य असुरक्षा गम्भीर चुनौती बन्ने देखिएको छ । मुख्य खाद्यान्न उत्पादकहरूले सम्भावित खाद्यान्न हाहाकारलाई लिएर आआफ्नो देशमा खाद्यान्नको भण्डार बढाउने उद्देश्यले काम गर्दा नेपालजस्ता आयातको भरमा खाद्यान्न पूर्ति गरिरहेका देशले आउँदा दिनमा खाद्य असुरक्षा सामना गर्नुपर्ने अवस्था नजीकिएको भान हुन थालेको छ । कोरोना महामारीका कारण उत्पादनमा आएको कटौति र रूस-युक्रेन युद्धले निम्त्याएको अन्योलले गर्दा विश्वभरि नै आर्थिक सङ्कुचनका साथै खाद्य असुरक्षा गहिरिएर जाने प्रक्षेपण बहुपक्षीय विकास साझेदारहरूले गरेका छन् ।

दैनिक उपभोग्य खाद्यान्नबाहेक अन्य वस्तुको उपयोगमा सम्झौता गर्न सकिए पनि खाद्यान्नमा यो सम्भव छैन। तसर्थ खाद्य सुरक्षा पहिलो प्राथमिकता हो । तर सरकारको आर्थिक नीतिको मार्गनिर्देशक भनिएको नीति तथा कार्यक्रममा यो विषय परेको छैन । सरकारले नीति र कार्यक्रममा नपरे पनि आज संसद्मा पेश हुन गइरहेको आर्थिक वर्ष २०७९-८० को बजेटले खाद्य सुरक्षाका योजनाहरू ल्याउने अपेक्षा गर्न सकिन्छ। खाद्यान्नमा रातारात आत्मर्भिर हुन सम्भव छैन । यसका निम्ति अल्पकालीन र दीर्घकालीन रणनीतिक योजनाको खाँचो पर्दछ । यसो नगरे आधारभूत खाद्यान्नको मूल्यमात्र वृद्धि हुने होइन, चरम हाहाकार हुनेछ ।

सरकारले ५ वर्ष अघि नै २ वर्षभित्र आधारभूत खाद्यान्नमा आत्मनिर्भर भएर ५ वर्षभित्र खाद्यान्न निर्यातको अवस्थामा पुग्ने दाबी गरेको थियो । तर अघिल्लो वर्षमात्रै सवा ३ खर्ब रुपियाँ बराबरको खाद्यान्न आयात भएको तथ्याङ्क सरकारसितै छ । कृषि प्रधान देशका हामी नेपालीको भान्छा आयातित खाद्यान्नले धानिएको छ। बाहिरबाट खाद्य वस्तु आयात नभए खाद्यान्नको हाहाकार हुनु स्वाभाविकै हो । अहिले भारतले खाद्यान्न निकासी रोक्नेबित्तिकै हल्लाखल्ला मच्चिनुको अर्थ यही हो ।

सरकारले वास्तविकरूपमा किसान लाभान्वित हुने खालका कार्यक्रम ल्याउनु पर्दछ । अहिलेसम्मका यस्ता योजनाबाट खास किसानभन्दा बिचौलिया मालामाल भएका छन् । कागजमा उद्यम र पर्म खोलेर फाइदा कुम्ल्याउनेहरू मालामाल भइराखेका छन्। दिनरात नभनी खेतमा खटिने किसान भने अवसरबाट वञ्चित छन् । यसले कृषि निर्वाहमुखी पनि हुन सकेको छैन। किसानलाई खेतीको समयमा मल, बीउ, सिंचाइजस्ता आधारभूत आवश्यकताले पोलिराखेको हुन्छ। न त उत्पादनले उचित बजार नै पाएको छ। उत्पादनलाई बजारसँग जोड्नुपर्नेमा अनुदानको सस्तो लोकप्रियतामा सरकार रमाएको छ । यस्तो अनुदान वास्तविक किसानभन्दा केही टाठाबाठाले मात्रै पाएका छन्। प्रभावकारी बजार प्रणाली कृषिको आधार हो ।

खाद्यान्नमा यसै त अचाक्ली मूल्यवृद्धिले उपभोक्ताको ढाड सेकेको छ। यसको मूल कारण स्वदेशमा उत्पादन हुन नसक्नु हो । त्यसमाथि आायतमा बढ्दो अन्योलले निकट भविष्यमा मूल्य आकाशिनुका साथै चरम अभावको अवस्था आकलन गर्न असजिलो छैन । यसबाट कसरी जोगिने भन्नेमा सरकारको योजना पनि देखिएको छैन। नेपालमा कृषि क्षेत्रको उत्पादक र उत्पादकत्व बर्सेनि ओरालो गतिमा छ। यसलाई उकास्ने प्रभावकारी योजनाको चरम अभाव छ। कृषि क्षेत्रको विकासका लागि अहिलेसम्मका प्रयास प्रभावकारी नभएको अवस्थामा नयाँ पद्धतिबाट अघि बढ्नुपर्ने बेला आएको छ ।

नेपालमा उपभोग हुने अधिकांश खाद्यान्न, तरकारी तथा फलफूल उत्पादन यहीं उत्पादन गर्न नसकिने होइन। तर, अधिकांश आयात हुने गरेको छ । भारतबाट मात्र होइन, चीनबाट पनि ठूलो परिमाणमा फलफूल आयात हुन्छ । भारतबाट आयात हुने तरकारीको वर्चस्व कति छ भन्ने कुरा त आयातित तरकारीको विषादि परीक्षणको निर्णय २४ घण्टा पनि नटिकेको घटना नै पर्याप्त हुन्छ। स्थानीय स्तरमा उत्पादन भएका वस्तुले बजार नपाएको गुनासो पनि कम छैन। उत्पादन भइहाल्यो भने पनि लाभ जति बिचौलियाको पोल्टामा जाने गरेको छ । एकातिर आफ्नै करेसाबारीमा फलाउन सकिने धनिया र बेसारजस्ता वस्तुसमेत आयात भइराखेको छ भने खेतियोग्य जमीनमा सिरू उम्रिएको छ। यो कृषिमा अव्यवस्थित योजनाको परिणाम हो ।

अहिले हरेक वस्तुको मूल्य बढेको र खाद्य असुरक्षाको जोखिमका कारण उत्पादन अभिवृद्धिका कुरा आए पनि समयान्तरमा अवस्था सामान्यीकरण हुना साथै यो विषय ओझेलमा परेछ भने आश्चर्य हुनेछैन। जस्तो कि २०७२ सालको भूकम्पको समयमा भूकम्प प्रतिरोधी संरचना निर्माणको कुरा खुब गरियो। ठाउँठाउँमा एकीकृत बस्ती निर्माणका चर्चा भए। भूउपयोग नीतिको कुरा भयो। २०७२ मैं भारतले नाकाबन्दी गर्दा आत्मनिर्भर अर्थतन्त्रको गफ खुबै चुटियो । चीनबाट इन्धन ल्याउनेदेखि स्वदेशमैं पेट्रोलियम उत्पादनका कुराहरू निकै भए। कोरोना महामारीमा स्वास्थ्य पूर्वाधार सुधारका कुरा भए। ठूलो क्षति हुने खालका सवारी दुर्घटना होओस् वा हवाई दुर्घटनाको घटनाताका सुरक्षा र सावधानीका उपायमा निकै बहस हुन्छ। स्मरण हुन्छ, एकताका सार्वजनिक सवारी साधनमा सीट क्षमताभन्दा बढी यात्रु बोक्न नपाइने नियम कडाइका साथ लागू गरिएको थियो। यो नियम अहिले पनि छ, नभएको त कार्यान्वयन मात्रै हो। बाढी र पहिरोको बेला विपद् व्यस्थापन र जोखिम न्यूनीकरणका निकै ठूल्ठूला बहस हुन्छन्। छोटै समयमा ती सबै विषय विस्मृतिमा जान्छन्। बहसकै लागि पनि त्यस्ता घटना-दुर्घटना दोहोरिनुपर्दछ ।

अर्बौं रुपियाँको चामल, तरकारी र फलफूल आयात गरेर हामी कृषिमा आधुनिकीकरण र यसलाई उद्यमसित जोड्ने गफ दिइराखेका हुन्छौं । तर, आफ्नै देशमा उत्पादन हुन सक्ने कच्चा पदार्थसमेत युरोप अमेरिकाबाट आयात भइराखेको छ । नेपालका दाल र तेल उद्योगले प्रयोग गर्ने केराउ, मसुरो, चना, तोरी, भटमास, सूर्यमुखीजस्ता उपज ठूलो परिमाणमा आयात हुन्छ । नेपालका चामल उद्योग भारतीय क्षेत्रबाट धान नभित्रिए बन्द हुन्छन् । मकै र गहुँसमेत आयात हुन्छ। नेपालमा दर्जन बढी चिनी उद्योग छन्, तर बाहिरबाट चिनी आयात नहुने कुरा मात्रले यहाँ अभावको चिन्ता शुरू हुन्छ, किन ? हामी यस्ता आफैं उत्पादन गर्न सक्ने कुरामा पनि किन दिनानुदिन अरूमाथि अति निर्भर हुँदै गइराखेका छौं। यो चिन्ताको विषयमात्र होइन, सापेक्ष चिन्तन र समाधानमा इमानदार हुनुपर्ने सरोकार हो ।

# निजगढ अन्तर्राष्ट्रिय विमानस्थलका विषयमा छलफल

काठमाडौं, १४ जेठ/रासस

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका विषयमा आज संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा शीर्षनेता तथा विज्ञहरूबीच छलफल भएको छ ।

निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य रोक्न सर्वोच्च अदालतले फैसला गरेपछि नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले, श्रममन्त्री किसान श्रेष्ठ, खानेपानीमन्त्री उमाकान्त चौधरी, मन्त्रालयका सचिवलगायत विज्ञहरू बीच छलफल भएको हो ।

छलफलका क्रममा विज्ञहरूले निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण रोक्ने सर्वोच्च अदालतको फैसलालाई अनौठो र दुःखद भनी टिप्पणी गरेका थिए । सहभागीहरूले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल रोक्न सर्वोच्चले गरेको फैसलामा पुनरवलोकन गर्नुपर्ने धारणा राखेको छलफलमा सहभागी

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## चीन र रूसको भिटोले उत्तर कोरियाविरुद्ध प्रतिबन्ध प्रस्ताव असफल

संयुक्त राष्ट्रसङ्घ, १४ जेठ/सिन्हवा

प्रजातान्त्रिक जनगणतन्त्र कोरियाविरुद्ध नयाँ प्रतिबन्ध लगाउने उद्देश्यले सुरक्षा परिषद्मा प्रस्तुत प्रस्ताव असफल भएको छ। सुरक्षा परिषद्का १३ सदस्य देशले अनुमोदन गरेको प्रस्तावलाई चीन र रूसले भिटो लगाएर असफल पारेका हुन्।



तस्वीरः सिन्हवा

चीनको मतको व्याख्या गर्दै संयुक्त राष्ट्रसङ्घका लागि चीनका स्थायी प्रतिनिधि झाङ जुनले उत्तर कोरियामा सुरक्षा परिषद्का प्रस्तावहरूलाई व्यापक, पूर्ण र सही रूपमा कार्यान्वयन गर्नुपर्ने बताउँदै सम्बन्धित देशहरूले नाकाबन्दीको कार्यान्वयनमा मात्रै एकतर्फी जोड दिन नहुने चीनको अभिमत व्यक्त गरे।

समस्याको राजनीतिक समाधान खोजिनुपर्ने, हालको अवस्थामा प्योङयाङविरुद्ध थप प्रतिबन्धले समस्या समाधानमा मदत नगर्ने बरु थप नकारात्मक प्रभाव र टकरावलाई मात्र निम्त्याउने राजदूत झाङले बताए। कोभिड–१९ को पृष्ठभूमिमा थप प्रतिबन्धहरूले ठूलो मानवीय प्रभाव पार्ने उनले उल्लेख गरे।

चीनले परिषद्को एकता र सहयोगलाई ठूलो महत्त्व दिन्छ, वर्तमान परिस्थितिमा परिषद्ले कोरियाली प्रायद्वीपमा शान्ति र स्थायित्वमा बाधा पुऱ्याउने विषयमाथि विमर्श हुनुपर्ने तथा उत्तर कोरियाली जनताले सामना गरिरहेको जीविकोपार्जनका समस्याबारे चिन्तित हुनुपर्ने आवश्यकतामा उनले जोड दिए।

प्रायद्वीपको अवस्था जटिल मोडमा रहेको उल्लेख गर्दै राजदूत झाङले चीनले फेरि पनि सबै पक्षलाई शान्त र संयमित हुन आह्वान गरेको र अमेरिकी पक्षलाई उत्तर कोरियाप्रतिको आफ्नो नीतिमा गम्भीर भएर चिन्तन गर्न आह्वान गरे। साथै उनले वार्ता पुनः शुरू गर्नका लागि वातावरण बनाउन आग्रह गरे। चीनले कोरियाली प्रायद्वीपमा शान्ति र स्थायित्व कायम गर्न र आणविक निशस्त्रीकरण साकार पार्न रचनात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे।

संयुक्त राष्ट्रसङ्घको मस्यौदा प्रस्ताव पारित गर्न परिषद्का स्थायी सदस्य रूस, चीन, फ्रान्स, बेलायत र संयुक्त राज्य अमेरिकासहित कम्तीमा नौ मत आवश्यक पर्छ र पाँचै स्थायी सदस्यले प्रस्तावको पक्षमा मतदान गर्नुपर्ने प्रावधान छ। रासस

## युक्रेनका पूर्वराष्ट्रपति पोरोशेन्कोलाई देश छोड्न रोक

कीभ, युक्रेन, १४ जेठ/एएफपी

युक्रेनका पूर्वराष्ट्रपति पेट्रो पोरोशेन्कोले आफूलाई देश छोड्न रोक लगाइएको शनिवार बताएका छन्। रूसले आक्रमण गरेदेखि नै सरकारले आन्तरिक राजनीतिक युद्धविराम तोडेको आरोप उनले लगाएका छन्।



युक्रेनका पूर्वराष्ट्रपति पेट्रो पोरोशेन्को। तस्वीरः एएफपी

सन् २०१४ देखि २०१९ सम्म सत्तामा रहेका पोरोशेन्कोले युद्ध शुरू भएदेखि अन्तर्राष्ट्रिय टेलिभिजनमा आफ्नो दलको धारणा राख्न पटकपटक सार्वजनिक हुने गरेका छन्।

राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको सत्तारूढ दलपछि ठूलो उनको युरोपेली सोलिडारिटी पार्टी युक्रेनको संसद्मा दोस्रो ठूलो दल हो।

रूसले आक्रमण गरेपछि युक्रेनको संसद्ले धेरै रूसी समर्थक दलहरूमा प्रतिबन्ध लगाएको छ भने अरूलाई अझै पनि तथाकथित राजनैतिक युद्धविरामको सीमामा रहेर गतिविधि सञ्चालन गर्न अनुमति दिएको छ। यसले सबै युक्रेनी दलहरू युद्धविरुद्ध एकजुट हुन घरेलु राजनैतिक असहमति पन्छाएर अघि बढेका छन्।

पोरोशेन्कोको कार्यालयले सरकारले रूसविरुद्ध ऐक्यबद्धता जनाउन भएको सम्झौता उल्लङ्घन गरेको आरोप लगाउँदै उनलाई यूक्रेनी सीमा पार गर्न दिन अस्वीकार गरिएको बताएको छ। यो निर्णयबाट अधिकारीहरूले युद्धकालमा लागू रहेको 'राजनीतिक युद्धविराम' भङ्ग गर्ने खतरा भएको छ।"

"रूसी आक्रमणको सामना गर्नुपर्दा राष्ट्रिय एकताको एउटा बलियो आधार रूसविरुद्ध युद्धमा घरेलु ऐक्यबद्धता थियो तर सरकारबाट यो भङ्ग गरिएको छ"– उनको कार्यालयले भनेको छ। पोरोशेन्को युक्रेनी प्रतिनिधिमण्डलको नेतृत्व गर्दै लिथुआनियामा भएको नाटो संसदीय सभाको बैठकमा सहभागिता जनाउन जानुपर्ने थियो र सरकारबाट यस पहिले यात्रा गर्ने अनुमति प्राप्त थियो, यद्यपि पछिल्लो कदमले उनको सहभागी हुने सम्भावना अन्त्य गरिदिएको छ। रासस

## प्रस्तावित विश्वव्यापी सुरक्षा प्रयासको स्वागत

इस्लामाबाद, १४ जेठ/सिन्हवा

पाकिस्तानले चीनको प्रस्तावित विश्वव्यापी सुरक्षा प्रयास (ग्लोबल सेक्युरिटी इनिसिएटिभ, जिएसआई)को स्वागत गरेको छ।

संयुक्त राष्ट्रसङ्घका सिद्धान्तलाई मूल आधार बनाएर चिनियाँ नेतृत्वले प्रस्ताव गरेको (जिएसआई) लाई पाकिस्तानी विदेश मन्त्रालयले स्वागत गरेको हो।

जिएसआई संयुक्त राष्ट्रसङ्घको बडापत्र, राज्यहरूको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सम्मान, बहुपक्षीयता, विवादको शान्तिपूर्ण समाधान र सुरक्षा हितका सन्दर्भमा देशहरूको समानतामा केन्द्रित रहेको परराष्ट्र मन्त्रालयका प्रवक्ता असिम इख्तिखार अहमदले बताएका छन्।

जिएसआईले साझा, विस्तृत, सहकार्यात्मक एवं दिगो सुरक्षाको दृष्टि बोकेको त्यसले सहकार्य र समन्वय–सञ्चालित दृष्टिकोणको पैरवी गरेको तथा शक्ति प्रतिस्पर्धा, हतियारको होडबाजी र युद्धको दौडको माध्यमबाट सुरक्षा मानसिकतालाई प्रतिस्थापन गरेको प्रवक्ताले जनाएका छन्।

"यो समसामयिक विश्वव्यापी वास्तविकताहरूको सामना गर्न समयसापेक्ष आह्वान हो जहाँ अन्तर्राष्ट्रिय समुदायले परम्परागत र गैरपरम्परागत जोखिमको सामना गर्दछ जसमा अन्तर्राष्ट्रिय र क्षेत्रीय सुरक्षातर्फ समग्र दृष्टिकोण आवश्यक छ"– जिएसआईले जलवायु परिवर्तन, जनस्वास्थ्य, पानी, ऊर्जा र खाद्य सुरक्षाजस्ता साझा चुनौती सम्बोधन गर्न अन्तर्राष्ट्रिय साझेदारीको आवश्यकतालाई मान्यता दिएको उल्लेख गर्दै शुक्रवारको साप्ताहिक संवाददाता सम्मेलनमा उनले भने। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – अन्नलाभ | वृष – अलमल |
| मिथुन – धनलाभ | कर्कट – पदोन्नति |
| सिंह – अलमल | कन्या – कष्टानुभूति |
| तुला – नारीसुख | वृश्चिक – अलमल |
| धनु – खिन्नता | मकर – वाहनकष्ट |
| कुम्भ – राज्यलाभ | मीन – अतिथिआगमन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### वीरगंज महानगरपालिकाको सूचना


यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्ने गरी निर्माण सामग्री थुपार्ने, फुटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायतका नियम विपरीत कार्यहरु नगर्न नगराउन हुन जानकारी गराइन्छ। साथै उक्त कार्य गरेको पाइएमा कानून बमोजिम जरिवानाको साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

वीरगंज महानगरपालिका, पर्सा

## स्थानीय तह निर्वाचनः कुन दलका कति आए जनप्रतिनिधि ?

काठमाडौं, १४ जेठ/

स्थानीय तह निर्वाचन सकिएको छ। गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनको मतगणनाको अन्तिम परिणाम लगभग आइसकेको छ।




बाजुराको बूढीगङ्गा नगरपालिकामा मतदान हुन बाँकी छ भने उदयपुरको त्रियुगा नगरपालिकामा मतगणना जारी छ।

नेपालको संविधान २०७२ जारी भएपछिको यो दोस्रो स्थानीय तह निर्वाचनमा प्राप्त मतपरिणामका आधारमा खासगरी राष्ट्रिय राजनीतिक दलको अवस्थाको मूल्याङ्कन भइरहेको छ। करीब एक वर्ष अघि मुलुकको सबैभन्दा ठूलो दल नेपाल कम्युनिस्ट पार्टीमा आएको फुटपछि बनेको पाँच दलीय गठबन्धन सरकार स्थानीय तहको निर्वाचनमा पनि सहकार्यका साथ गएको तथा संसद्को ठूलो दल नेकपा (एमाले)ले एक्लै निर्वाचन जित्ने दाबीका बीच सम्पन्न निर्वाचन परिणाम बढी चर्चित छ।

नेपालको सङ्घीय र प्रादेशिक संसद्को समयावधि पनि आगामी मङ्सिरसम्म रहेको र अब बढीमा सात महीनामा संसद्को निर्वाचन हुने भएकोले पनि प्राप्त स्थानीय निर्वाचनको जोड घटाउको चर्चा चुलिएको हो। यस निर्वाचनमा राष्ट्रिय राजनीतिक दलभन्दा बाहिरबाट काठमाडौं महानगरलगायत कतिपय ठूला नगरमा स्वतन्त्र उम्मेदवारको उदयले पनि निर्वाचन परिणामलाई रोचक बनाइदिएको छ।

स्थानीय तह निर्वाचनमा मतदाताले युवा र अघिल्लो निर्वाचनको काम, गरी विशेषतः दुई मान्यता स्थापित गर्न खोजेको देखियो। राजधानी काठमाडौंमा अवस्थित नेपालको सबैभन्दा पुरानो र ठूलो महानगरपालिका काठमाडौंमा पहिलो पटक मतदाताले राष्ट्रिय राजनीतिक दलभन्दा बाहिरबाट स्वतन्त्र हैसियतका युवा बालेन्द्रनारायण साहलाई विजयी गराएका छन्।

यो मतदाताले स्थापित गर्न खोजेको युवा नेतृत्व मात्र नभएर देशका ठूला राजनीतिक दलका विगतका महानगरका नेतृत्वले दिन नसकेका परिणामको नतीजा हो। काठमाडौं महानगरसँगै जोडिएको ललितपुर महानगरपालिकामा भने मतदाताले ६५ वर्षीय चिरिबाबु महर्जनलाई पुनः चुनेका छन्। राजधानी बाहिर धरान र धनगढी उपमहानगरपालिकामा पनि मतदाताले परम्परागत दल बाहिरबाटै युवा नेतृत्वको चयन गरेका छन्। यसरी सम्पन्न स्थानीय निर्वाचनमा मतदाताले दलभन्दा पनि कामलाई प्राथमिकता दिएको सन्देशका रूपमा लिन सकिन्छ।

हालसम्म प्राप्त मतपरिणाम अनुसार काङ्ग्रेस पहिलो स्थानमा छ। काङ्ग्रेस सबैभन्दा बढी प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्यमा विजयी भएको छ। काङ्ग्रेसबाट १३ हजार ७३७ जनप्रतिनिधि निर्वाचित भएका छन्। यस्तै नेकपा (एमाले) बाट ११ हजार ८७२, नेकपा (माओवादी केन्द्र) बाट पाँच हजार ४४ र अन्य दल तथा स्वतन्त्र गरी चार हजार ४८ जनप्रतिनिधि निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ। विसं २०७४ मा तीन चरणमा सम्पन्न स्थानीय तह निर्वाचनमा काङ्ग्रेसबाट ११ हजार ४५६, एमालेबाट १४ हजार १०० र माओवादी केन्द्रबाट पाँच हजार ४४० जनप्रतिनिधि निर्वाचित भएका थिए।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा काङ्ग्रेसबाट १४० प्रमुख, ११० उपप्रमुख, १८८ अध्यक्ष, १९० उपाध्यक्ष, दुई हजार ६६१ वडाध्यक्ष, दुई हजार ६०० महिला सदस्य, दुई हजार ५४७ दलित महिला र वडा सदस्य पाँच हजार ३०१ निर्वाचित भएका छन्। एमालेबाट ८२ प्रमुख, ११३ उपप्रमुख, १२३ अध्यक्ष, १२६ उपाध्यक्ष, दुई हजार १२७ वडाध्यक्ष, दुई हजार ३४० महिला सदस्य, दुई हजार २८५ दलित महिला सदस्य र चार हजार ६७६ वडा सदस्य निर्वाचित भएका छन्।

कुल निर्वाचित जनप्रतिनिधिका आधारमा माओवादी केन्द्र तेस्रो स्थानमा छ। माओवादीबाट नगर प्रमुखमा २५, उपप्रमुखमा ३३, पालिका अध्यक्षमा ९६, उपाध्यक्षमा ९५, वडाध्यक्षमा एक हजार ५३, महिला सदस्यमा ९६३, दलित महिला सदस्य ९७३ र वडा सदस्यमा एक हजार ८०६ निर्वाचित भएका छन्। नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा) नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र स्वतन्त्रबाट चार हजार ३४८ निर्वाचित भएको आयोगले जनाएको छ।

यस्तै ६ महानगरका प्रमुख र उपप्रमुख, ११ उपमहानगरका प्रमुख र उपप्रमुख, २७६ नगरपालिकाका प्रमुख र उपप्रमुख, ४६० गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, ६ हजार ७४३ वडाध्यक्ष, सोही सङ्ख्यामा महिला सदस्य र दलित महिला सदस्य तथा १३ हजार ४८६ वडा सदस्य गरी कुल ३५ हजार २२१ पदका लागि निर्वाचन भएको थियो। निर्वाचनमा करीब एक लाख ४५ हजारले उम्मेदवारी दिएका थिए।

## पेट्रोलियम पदार्थ उत्खनन गर्न दुई वर्ष समय थप

दैलेख, १४ जेठ/रासस

पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन गर्न दुई वर्ष समय थपिएको छ। जिल्लाको ज्वाला क्षेत्रमा जारी अन्वेषण तथा उत्खननका लागि समय थपिएको हो।

पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खननका लागि सन् २०२२ फेब्रुअरी २८ सकिएपछि २०७८ चैत १४ गते बसेको मन्त्रिपरिषद्को बैठकले दैलेखमा रहेको पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खननका लागि दुई वर्ष समय थप गरेको खानी तथा भूगर्भ विभागका भूगर्भविद् डा गणेशनाथ त्रिपाठीले बताए।

उनले कोभिड महामाहारीका कारण बन्द भएको काम चिनियाँ टोली नेपाल आउनासाथ पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन अन्तर्गत दोस्रो चरणको काम शुरू हुने बताए। "कोभिड महामारीका बेलादेखि नेपाल र चीनबीच सीधै हवाइसेवा सञ्चालन हुन सकेको थिएन"– त्रिपाठीले भने–"अब चिनियाँ टोली नेपाल आउन तयार छ।"


तस्वीरः फाइल

सदीयौंदेखि पानीमाथि आगो बल्दै आएको ज्वाला क्षेत्रको नाविस्थान, श्रीस्थान, कोटिला, तल्लो डुङ्गेश्वर र पादुकालगायत क्षेत्रलाई आधार बनाएर पेट्रोलियम पदार्थ अन्वेषणका लागि नेपाल सरकार र चीन सरकारको जिओलोजिकल सर्वे कम्पनीबीच सन् २०१९ फेब्रुअरी २८ मा सम्झौता भएको थियो।

पेट्रोलियम पदार्थ अन्वेषणका लागि तीनवटा पूर्वपश्चिम र सातवटा उत्तर दक्षिण दिशामा खनिएका १० सिस्मिक लाइनमा सर्वेकार्य सकिएपछि अन्वेषणका लागि गरिने मुख्य ड्रिलिङको काम शुरू गर्ने भनिए पनि कोरोनाका कारण काम प्रभावित बनेको थियो।

# गौरका नगर प्रमुखद्वारा विद्यालय भवनको शिलान्यास

प्रस, गरुडा, १४ जेठ/

जिल्लाको सबैभन्दा पुरानो तथा देशको चौथो जेठो विद्यालयको रूपमा रहेको सदरमुकाम गौरस्थित जुद्ध माध्यमिक विद्यालयमा एउटा विद्यालय भवनको शिलान्यास नवनिर्वाचित नगर प्रमुख शम्भु साहले गरेका छन् ।




विद्यालयमा भवन अभाव भएको र पुराना भवनहरू जीर्ण भइसकेको अवस्थामा आवश्यकतानुसार नयाँ सुविधा सम्पन्न भवनको शिलान्यास नगर प्रमुख साहले एक समारोहबीच शुक्रवार गरेका छन् ।

जुद्ध माविमा भवनको अभाव रहेको गुनासो बढेपछि नगर प्रमुख शम्भु साहले पहिलो औपचारिक भौतिक पूर्वाधारको रूपमा विद्यालय भवनको शिलान्यास नै रोजेका हुन् । नगर प्रमुख साह पनि सोही विद्यालयका पूर्व विद्यार्थी हुन् ।

एक कार्यकाल विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्षसमेत रहेका नगर प्रमुखको समयमा विद्यालयमा अपत्यारिलो सुधार भएको थियो । पछिल्लो समय विद्यालयमा निरन्तर हुल हुज्जत हुने, शिक्षकमाथि आक्रमण हुने, विद्यालयमा तोडफोड हुनेजस्ता अवाञ्छित क्रियाकलाप बढेको थियो ।

जिल्लाको शैक्षिक गौरवको स्थानीयले सुधारको अपेक्षा गरेका स्थानीयवासीले नवनिर्वाचित नगर प्रमुख साहले पहिलो कामको रूपमा विद्यालयमा भवन निर्माणको शुभारम्भ गर्नुलाई शैक्षिक सुधारको सङ्केतको रूपमा लिएका छन् ।

आठ करोडको लागतमा पाँच वर्षमा निर्माण हुने बताइएको विद्यालय भवनको लागि चालू आर्थिक वर्षमा तत्काल करीब एक करोड रुपियाँको काम हुने बताइएको छ ।

विद्यालय भवनको शिलान्यास गर्नुपूर्व नगर प्रमुखले विद्यालय पुगेर बालबालिकासित पढाइको विषयमा अन्तर्क्रिया गरेका थिए । बालबालिकासित अन्तर्क्रिया गरेपछि नगर प्रमुख साहले तत्काल शैक्षिक अवस्थामा सुधार गर्न प्रधानाध्यापक तथा शिक्षकहरूलाई निर्देशन दिएका छन् ।

साना कक्षाका बालबालिकाले दिवा खाजाको माग गरेपछि नगर प्रमुख साहले बालबालिकाका लागि तत्काल खाजाको व्यवस्था गर्न र कुनै किसिमको लापरवाही नगर्न पनि निर्देशनसाथ चेतावनी दिएका छन् ।

नगर प्रमुख साहसँगै उपप्रमुख शैलकुमारी देवी, निमित्त प्रमुख प्रशासकीय अधिकृत सुवास ठाकुर लगायत विभिन्न वडाध्यक्ष तथा अन्य अभिभावक र समाजसेवीको सहभागिता थियो ।

नगर प्रमुख निर्वाचित भएपछि साह शिक्षा र स्वास्थ्यको क्षेत्रमा व्यापक सुधार गर्न निरन्तर अनुगमन र निरीक्षण गरी सुधारको लागि निर्देशन दिइरहेका छन् ।

# बजार ढलान कार्यको शिलान्यास कार्यक्रम स्थगित

प्रस, रौतहट, १३ जेठ/

मधेस प्रदेश सरकारको रेडबूक अन्तर्गतको बजार ढलान कार्यको शिलान्यास कार्यक्रम स्थगित गर्न राजदेवी नगरपालिकालाई शुक्रवार निर्देशनसहित पत्र पठाएको छ ।

जसपाका हृदयनारायण यादव, नेकपा माओवादीका राजनारायण रञ्जन, जनमतका प्रभुराय यादव, शिव मङ्गलप्रसादलगायत नेताहरूले विद्यालय तथा राजदेवी नगरपालिकामा निवेदन दिई शिलान्यास कार्यक्रम तथा निर्माण कार्य नगराउन दिएको उजूरीको आधारमा राजदेवी नपाले निर्माण नगर्न नगराउन आदेशसमेतको पत्र पठाएको हो ।

विगतमा बजार टहरा निर्माण कार्यको लागि २५ लाख रकम आए पनि सो बमोजिम कार्य हुन नसकेको आरोप लगाउँदै नेकपा माओवादीका रञ्जनले हामी विकास विरोधी होइनौं तर पारदर्शी कार्य गर्न वडा भेलाबाट उपभोक्ता समिति गठन गरी कार्य गर्न माग रहेको बताए ।


रौतहटको राजदेवी न.पा–१ मा हिजो कृषि राज्यमन्त्री योगेन्द्रराय यादवले बजार ढलानको शिलान्यास कार्य गोप्य रूपमा गर्न खोजेपछि गाउँलेहरूले विवाद गरेका थिए ।

वडाध्यक्ष नरेशप्रसाद यादवसँग सम्पर्क गर्दा आफूलाई केही थाहा नभएको बताउँदै पारदर्शीरूपमा कार्य गर्न अनुरोध गरेका छन् ।

हिजो बिहान पथरा पोखरीको बजारमा शिलान्यास कार्य भएको छ । शिलान्यास कार्यलाई अनियमित भन्दै गाउँलेले विरोध जनाई विभिन्न निकायमा उजूरीसमेत दर्ता गराएको नेकपा माओवादीका रञ्जनले बताए ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |



# बज्जी त्रैमासिकको लोकार्पण

प्रस, गरुडा, १४ जेठ/

गरुडा नगरपालिकाका नवनिर्वाचित नगर प्रमुख कन्थमणिप्रसाद कलवारले बज्जी साहित्यिक त्रैमासिकको लोकार्पण गरेका छन् । निर्वाचित भएपछि पदभार ग्रहण गर्नुभन्दा पहिले नै बज्जिका भाषाको साहित्यिक पत्रिकाको लोकार्पण गरेका हुन् ।




नगर प्रमुख निर्वाचित भएपछि कलवारले पहिलो हस्ताक्षर बज्जी त्रैमासिकमा नै गरेका हुन् ।

रौतहटको गरुडामा बज्जी साहित्यिक त्रैमासिकको लोकार्पण गर्दै नगर प्रमुख कलवारले मातृभाषाको सेवामा समर्पित पत्रिकालाई सहयोग गर्ने बताएका छन् ।

नगर प्रमुख कलवारसँगै प्रकाशजित आई केयर अस्पतालका प्रमुख डा. सञ्जयकुमार साह तथा गरुडा नगरपालिका–२ का पूर्व वडाध्यक्ष शैलेन्द्र राय यादवले पनि पत्रिकाको लोकार्पणमा सहयोग गर्दै पत्रिकाको प्रगतिको कामना गरेका छन् ।

पत्रिकाबारे प्रधान सम्पादक सञ्जय साह मित्र तथा व्यवस्थापक किशुनदयाल श्रीकृष्णले प्रकाश पारेका थिए ।

महोत्तरीको पश्चिमी भागदेखि बारा जिल्लाको पूर्वी भागसम्म चार जिल्लामा बोलिने मुख्य मातृभाषा बज्जिकाको विकासमा पत्रिकाले महत्त्वपूर्ण योगदान पुऱ्याउने पत्रिकाका प्रकाशक तथा सम्पादक रामचन्द्रमहतो कुशवाहाले बताएका छन् ।

सर्लाही जिल्ला प्रशासन कार्यालयमा दर्ता रहेको बज्जी साहित्यिक पत्रिकाको प्रकाशन रौतहटको गरुडाबाट हुँदै आएको छ ।

## निजगढ अन्तर्राष्ट्रिय विमानस्थल....

एकजना विज्ञ तथा पूर्व हवाई विभागका महानिर्देशक वीरेन्द्रबहादुर देउजाले बताए ।

उनले भने–"सर्वोच्चको फैसला आकस्मिकरूपमा आएको छ, फैसला लिखितरूपमा आएको छैन, बाहिर आएजस्तो हल्ला सही हो भने त्यो राम्रो भएन ।

जङ्गल नै नभएको ठाउँमा जङ्गल भएको दाबी गरिएको र सोही आधारमा फैसला गर्नु राम्रो होइन ।"

निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउन कैयौं वर्षदेखि मेहनत भई सरकारको अर्बौं रकम खर्च भएकोले अहिले आकस्मिक लाग्नेगरी सर्वोच्चबाट निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निमार्ण गर्नुहुँदैन भन्ने फैसला आउनु दुःखद भएको उक्त छलफलमा सहभागीहरूको निष्कर्ष थियो ।

# खेलकूदको संसार

## राष्ट्रिय क्रिकेट टोलीको बिदाइ

काठमाडौं, १४ जेठ/

अमेरिकामा आयोजना हुने आइसिसी पुरुष क्रिकेट विश्वकप लिग टु अन्तर्गतको त्रिदेशीय एकदिवसीय सिरिज खेल्न जाने नेपाली क्रिकेट टोलीको बिदाइ गरिएको छ । युवा तथा खेलकूदमन्त्री महेश्वर गहतराजले नेपाल क्रिकेट सङ्घ (क्यान)ले आज काठमाडौंमा आयोजना गरेको कार्यक्रममार्फत बिदाइ गरे ।




नेपाली टोली आजै अमेरिका प्रस्थान गर्ने क्यानका अध्यक्ष चतुरबहादुर चन्दले बताए । सिरिजमा नेपाल, अमेरिका र ओमानबीच प्रतिस्पर्धा हुनेछ । सन्दीप लामिछानेको कप्तानीमा १५ सदस्यीय नेपाली क्रिकेट टोली अमेरिकाको टेक्सस जान लागेको हो ।

# जीतपुरसिमरा उमनपाका नवनिर्वाचित जनप्रतिनिधिहरूको शपथ ग्रहण

प्रस, जीतपुर, १४ जेठ/

बारा जिल्ला न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत खिलनाथ रेग्मीले आइतवार स्थानीय तहका प्रमुखहरूलाई शपथ गराएपश्चात् सोमवार प्रमुख/मेयरहरूले वडाध्यक्षसहित सदस्यहरूलाई शपथ ग्रहण गराए र आजदेखि नवनिर्वाचित पदाधिकारीहरूले आआफ्नो पदभार ग्रहण गरेको जीतपुरसिमरा उपमहानगर पालिकाका नगरप्रमुख राजन पौडेलले बताए ।

शपथ ग्रहण कार्यक्रमलगत्तै तत्कालीन जीतपुरसिमरा गाउँ पञ्चायतका प्रधानपञ्च, जीतपुरसिमरा गाविसका अध्यक्ष तथा वर्तमान जीतपुरसिमरा उपमनपाका उपप्रमुख भोलाप्रसाद अधिकारी, जीतपुरसिमरा उमनपाका निवर्तमान प्रमुख डा कृष्ण पौडेलसमेतले आआफ्नो काम, कार्यवाहीको अनुभव तथा काम गर्ने विधिसमेत सार्वजनिक गरेको समाचारमा जनाइएको छ ।




औद्योगिक क्षेत्रतिर उन्मुख तथा वीरगंज–हेटौंडा राजमार्गसँग प्रत्यक्ष सम्बन्ध भएको यस क्षेत्रको समग्र विकास, विस्तारमा अग्रसर भएकोले यसको विकासमा जनप्रतिनिधिहरूले ध्यान दिन अति आवश्यक भएको तत्कालीन जीतपुरसिमरा पञ्चायतका प्रधानपञ्च मुकुन्दबहादुर क्षत्रीले एक भेटमा बताए ।

# स्वास्थ्यकर्मीसँग अन्तर्क्रिया

प्रस, बिरुवागुठी, १४ जेठ/

पर्सागढी नगरपालिका–३ बडनिहारमा वीरगंजको प्रभु हस्पिटलले क्लिनिक सञ्चालन गरेका स्वास्थ्यकर्मीसँग व्यावसायिक अन्तर्क्रिया गरेको छ ।

अस्पतालबाट प्रदान हुँदै आएको सेवाबारे स्वास्थ्यकर्मीहरूलाई प्रभु हस्पिटलका सञ्चालक डा. मनोजकुमार गुप्ता र हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा. रबिन्सकुमार साहलगायतले ग्रामीण भेगका स्वास्थ्यकर्मीहरूलाई आउने समस्या तथा चुनौतीका विषयमा जानकारी गराएका थिए ।

उनीहरूले स्वास्थ्यकर्मीहरूलाई यस भेगका बिरामीहरूलाई ग्रामीण क्षेत्रमा उपचार सम्भव नभए वीरगंज प्रभु हस्पिटलमा सेवा लिन सकिने र त्यसका लागि जिल्ला बाहिर जान नपर्ने सुझाएका थिए ।

कार्यक्रमको सहजीकरण दिलीपराज कार्कीले गरेका थिए ।


## सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।

- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफ्ले यात्रा गरिरहेको सवारी साधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं ।
- अनियन्त्रित र तीव्र गतिमा सवारी साधन नचलाऔं ।
- समय–समयमा सवारी साधनको मर्मत संभार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड